# <u>बैठक नं. ३५</u>

आज मिति २०७५ भदौ १२ गते मंगलबार अपरान्ह ३-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगर कार्यपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

## छलफलका विषयहरुः-

१. 'घ' वर्गको निर्माण वयवसायी ईजाजतपत्र सम्वन्धमा,
२. जलविनायक आधारभुत विद्यालय सम्वन्धमा,
३. मुर्तिकला कार्यशाला सम्वन्धमा,
४. विविध।

## निर्णय नं.१

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र संम्बन्धि समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | शुभम एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि | कीर्तिपुर ९, नयाँबजार, दिपक बहादुर रैस्वाल |
| २ | धुम्बा आजु कन्स्ट्रक्सन | कीर्तिपुर १, बाघ भैरब, कबिन्द्र श्रेष्ठ |
| ३ | एस.एम कन्स्ट्रक्सन | कीर्तिपुर १, बाघ भैरब, सिकन्दर महर्जन |
| ४ | सिम्रिक कन्स्ट्रक्सन | कीर्तिपुर १, बाघ भैरब,इच्छा कुमार महर्जन |
| ५ | एरोण कन्स्ट्रक्सन | कीर्तिपुर १०, जिफागल, मन्जील भक्त श्रेष्ठ |
| ६ | इरा कन्स्ट्रक्सन | कीर्तिपुर १०, इटाछे, राजेश महर्जन |
| ७ | इकु कन्स्ट्रक्सन | कीर्तिपुर १, सँलिछे, इच्छा महर्जन |
| ८ | मदन इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | कीर्तिपुर ४, गाम्चा, मदन भुजेल |
| ९ | एम इण्ड कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ्ग प्रा.लि | कीर्तिपुर १, चाँदनी चोक ,देवेन्द्र महर्जन |
| १० | के.दि. निर्माण सेवा | कीर्तिपुर १, सँलिछे, कृष्ण देवी महर्जन |
| ११ | सुभास निमाण सेवा | कीर्तिपुर १०, तन्ननी, सुजन महर्जज |
| १२ | महर्जन निर्माण सेवा | कीर्तिपुर ८, सुन्दरबजार, रोमन महर्जन |
| १३ | एस.एम. निर्माण सेवा | कीर्तिपुर १०, जिफागल, सुमन महर्जन |

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १४ | आर एण्ड आर पावर विल्डर्स प्रा.लि | कीर्तिपुर १, अमृतनगर, रश्मिता थापा |
| १५ | सुधिर निर्माण सेवा | कीर्तिपुर ३, ढल्पा, सुधिर महर्जन |
| १६ | मेगान निर्माण सेवा | कीर्तिपुर १, दबुझो, महेश राज महर्जन |
| १७ | विन्दु विल्डर्स | कीर्तिपुर,१ सतको टोल, विदुर महर्जन |
| १८ | ओम गौरी शंकर इन्फास्ट्रक्चर प्रा.लि. | कीर्तिपुर ४, चम्पादेवी, सुभद्रा सिग्देल ।भीम ब. भण्डारी |
| १९ | जिसम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कीर्तिपुर ९, खासीवजार, जितेन्द्र महर्जन |
| २० | एम.एम.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कीर्तिपुर ९, खासीबजार, मनोज महर्जन |

__निर्णय नं.__२

कीर्तिपुर नगरपालिका नगर शिक्षा समितिको सिफारिस बमोजिम वडा नं. ६, पाण्डेछ्याप स्थित श्री जलविनायक आधारभुत विद्यालयमा विद्यार्थी संख्या शुन्य रहेकोले उक्त विद्यालयलाई बन्द गरी तहाँ कार्यरत प्राथमिक शिक्षक श्री प्रह्लाद बस्नेतलाई श्री बालकुमारी मा.वि. कीर्तिपुरमा र प्राथमिक शिक्षक श्री सुनिता विष्ट लाई श्री विश्व राष्ट्रिय मा.वि. कीर्तिपुरमा व्यवस्थापन गरी उक्त विद्यालयको सम्पत्तीको स्वामित्व कीर्तिपुर नगरपालिकाको नाममा जिम्मा लिई संरक्षण तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

__निर्णय नं.__३

यस नगरकार्यपालिकाको वडा नं. १,२ र १० स्थित वाघभैरव मन्दिर परिसर देखि उत्तर तर्फको खाली जग्गामा कीर्तिपुरको ऐतिहासिक महत्व सम्वन्धी मुर्तिहरुको पार्क निर्माण गर्ने सन्दर्भमा यहि २०७५ साल मंसिर १५ गतेदेखि अन्तरराष्ट्रिय स्तरको बृहत मुर्तीकला कार्यशाला सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

नेपाल नगरपालिका संघको प.सं. ४३/०७५/०७६ मिति २०७५/०४/३० को पत्रानुसार यस नगरपालिकाले उक्त संघलाई वुझाउन पर्ने आ.व. २०७४/०७५ सम्मको सदस्यता शुल्क वापतको रु. २,७५,०००/- (रु. दुई लाख पचहत्तर हजार मात्र) चालु आ.व. २०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रमको चालु तर्फको परामर्श तथा अन्य सेवा शुल्क अन्तरगतको परामर्श सेवा शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

**Shelter Academy 2018, Initiative by ARCADIS with UN-HABITAT** को नेदरल्याण्डमा हुने कार्यक्रममा नगर प्रमुखलाई आमन्त्रण भएकोले उक्त भ्रमणको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

विगतमा संझौता भई २०७५ अषाढ मसान्तमा विविध कारणले सम्पन्न नभै निर्माणाधिन/क्रमागत अवस्थामा रहेका विभिन्न योजना कार्यक्रमहरुको भुक्तानी गत आ.व. २०७४/०७५ को बाँकी बैक मौज्दातबाट उपलब्ध गराउनका लागि स्वीकृत भएको भुक्तानी दिन वाँकिको कच्चावारी (म.ले.प.फा.न. १८) अनुसारको रकम चालु आ.व. २०७५/०७६ मा म्याद थप गरि  उपलव्ध गराउने निर्णय गरियो ।

मितिः- २०७५/०४/३१

**बैठक नं. ३४**

**छलफलका विषयहरुः-**

५. नगरपालिकाको लोगो सम्वन्धी,
६. कीर्तिपुर विकास परिषद् सम्वन्धी कार्यविधि,
७. विविध ।

**निर्णय नं.१**

यस नगरपालिकाको नगर प्रमुखको अध्यक्षतामा गठित लोगो छनोट समितिले सिफारिस गरि पेश हुन आएका लोगोका डिजाईनहरु उपर छलफल गरि कीर्तिपुर नगरपालिका वडा नं. १० स्थायी ठेगाना भएका श्री चिनीकाजी श्रेष्ठले डिजाईन गरेको ३ (तीन) वटा डिजाईनहरु मध्येमा नगरपालिकाको नाम देवनागरी लिपिमा समेत राखि पुनरावलोकन सहित नगरपालिकाको आधिकारिक लोगोको स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

यस कीर्तिपुर नगरपालिकाको नगर सभाद्वारा गठीत कीर्तिपुर नगर विकास परिषद्को काम, कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि वैठक समक्ष पेश हुन आएको प्रस्तावना सहित १९ वटा दफाहरु रहेको, "**कीर्तिपुर नगर विकास परिषद गठन तथा कार्य सञ्चालन निर्देशिका, २०७५**" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

कीर्तिपुर नगरपालिकाको "**सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५**" मा देहाय बमोजिम पहिलो संशोधन गर्ने निर्णय गरियो ।

क) मुल दफा ८ को उपदफा ४ मा थप गरिएको "संरचना बिहिन जग्गाको विवरण भर्दा कृषि भूमि भए सम्पत्ति धनीले अनुसुचि ४ को जग्गाको विवरण फारम को महल ५ को जग्गाको प्रयोग अन्तरगत 'कृषि भूमि' भनि खुलाउनु पर्नेछ ।"

ख) मुल दफा १९ को उपदफा २ मा "संरचना विहिन खालि जग्गाको सम्पत्ति मुल्यांकन गर्दा सम्पत्ति धनीले स्वयं दाखिला गरेको विवरणमा 'कृषि भूमि' भनी उल्लेख गरेकोमा आर्थिक ऐन, २०७५ को दफा ४ को अनुसुचि २ बमोजिम प्रति रोपनी रु. १००/- (रु एक सय मात्र) प्रति वर्षका दरले भूमिकर (मालपोत) कायम गरिनेछ।"

**निर्णय नं.४**

यस कीर्तिपुर नगरपालिका र मित्रराष्ट्र चीनको सिंघाई प्रान्त (Qinghai Province) को Delingha City विच भगिनि सम्वन्धका विषयमा उक्त City वाट अध्ययन, अवलोकन तथा छलफलका लागि यस नगरपालिकाका प्रमुख र उप - प्रमुखलाई आमन्त्रण भएकोले उक्त भ्रमणको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**

नगरपालिकाको पदाधिकारीको सुविधा सम्वन्धमा प्रदेश नं. ३ सरकारले निर्धारण गरेको संचार सुविधा तोकेबमोजिम र ईन्धनको हकमा वडा अध्यक्षहरुलाई प्रतिव्यक्ति प्रतिमहिना २० (विस) लिटर र प्रतिवडा समिति प्रतिवर्ष २०० (दुई सय) लिटर पेट्रोल चालु आ.व. २०७५/०७६ का लागि स्वीकृत चालु खर्च तर्फको पदाधिकारी पारिश्रमिक शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।